# श्री घरेढुङ्गा सामुदायिक वन उपभोक्ता समूह

दुधपोखरी गा. पा.- ०४, कुयाले, लमजुङ ।

## वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना ।

*(प्रथम पटक प्रकाशित मिति २०८२/११/२८)*

अध्यक्ष

यस सामुदायिक वनको स्वीकृत वन कार्ययोजना बमोजिम डिभिजन वन कार्यालय लमजुङबाट सहमति लिई आ. व. २०८२।०८३ मा रुख कटान मुछान भई दुधपोखरी गाउपालिका वडा न. ०४ कुयालेमा घाटगद्धि गरी राखेको साल प्रजातिको ए बि सी र डि ग्रेडको गोलिया थान ८५ को तपसिल बमोजिमको काठ डिभिजन वन कार्यालयको च.नं. १४६३ मिति २०८२/११/१५ को लिलाम सहमती पत्र अनुसार लिलाम बिक्रि गर्नु परेकोले जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी यो सूचना प्रकाशित गरिएको छ । लिलाम प्रतिस्पर्धामा भाग लिन ईच्छुक वन पैदावारमा आधारित सूचिकृत उद्योगले यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र बोलपत्र फारम खरिद गरि बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ ।

### तपसिल

१. वन पैदावारको विवरण

| क्र.सं. | प्रजाति | किसिम | ग्रेड | थान | परिमाण | न्यूनतम मूल्य रु. (भ्याट बाहेक) | संकलन खर्च रु. | घाटगद्दीस्थान |
|---|---|---|---|---|---|---|---|---|
| १ | साल | गोलिया | ए बि सि, डि | ८५ | ४८३.०४ | ४,६४,०२१।- | १,२६,७१३.६०।- | दुधपोखरी गा. पा. ०४ कुयाले , लमजुङ |
| २ | साल | चट्टा | २०*५*५ नाप साईज | | १.५ | | | |

२. वोलपत्र फाराम दस्तुर, फाराम खरिद गर्ने अन्तिम मिति, पेश गर्नुपर्ने अन्तिम मिति र बोलपत्र खोल्ने मिति, समय र स्थान

(क) वोलपत्र फारम दस्तुरः प्रति फाराम रु. १,०००।- (पछि फिर्ता नहुने गरि) यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयबाट र डिभिजन वन कार्यालय लमजुङबाट खरिद गर्न सकिने छ ।

(ख) वोलपत्र खरिद गर्ने मिति र समयः २०८२/११/२८ देखि २०८२/१२/१८ गते सम्म दिनको १० बजेदेखि ५ वजे सम्म ।

(ग) वोलपत्र पेश गर्ने मिति, समय र स्थानः २०८२/१२/१८ गते बुधबार दिनको ५ बजे सम्म उपभोक्ता समूह र डिभिजन वन कार्यालय, लमजुङमा पेश गर्न सकिनेछ । उल्लिखित समय पछि आएका बोलपत्र फारामलाई लिलाम बढाबढमा समावेश गरिने छैन ।

(घ) वोलपत्र खोल्ने मिति, समय र स्थानः पेश भएका बोलपत्रहरु मिति २०८२/१२/२० गते शुक्रबार अपरान्ह ५ बजे सम्बन्धित बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधि, सव डिभिजन वन कार्यालय राईनास दुधपोखरीका कर्मचारी र अन्य सरकारी निकायको प्रतिनिधिको रोहवरमा सा.व.उ.स.को कार्यालयमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सो को भोलिपल्ट बोलपत्र खोलिनेछ ।

Scanned with CamScanner

अध्यक्ष

३. लिलाममा भाग लिन ईच्छुक बोलपत्रदाताले वन पैदावारमा आधारित उद्योग दर्ता/नविकरण तथा सूचिकृत प्रमाणपत्र, मूल्य अभिबृद्दि कर दर्ताको प्रमाणपत्र वा स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र, आ.व. २०८१/८२ सम्म करचुक्ता प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपिहरु बोलपत्र साथ पेश गर्नुपर्ने छ ।

४. वोलपत्र साथ कबुल गरेको रकमको कम्तीमा १० प्रतिशतले हुन आउने रकम धरौटी स्वरुप यस सामुदायिक वन उपभोक्ता समूहको सिटिजन्स बैक लिमिटेड, सातबिसे शाखामा रहेको चल्ती खाता नं. ०८७०१०००००४८६२०१ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्ने छ ।

५. बोलपत्र सकार गरिएको रकम अंक र अक्षर दुबैमा लेख्नु पर्ने छ । अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

६. बोलपत्र लिलाम बिक्री सदर गर्ने नगर्ने अधिकार उपभोक्ता समूहको कार्यसमितिमा रहने छ ।

७. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको ४५ दिनभित्र सकारकर्ताले सकार गरेको रकम, संकलन खर्च, मूल्य अभिबृद्दि कर र प्रदेश सेवा शुल्क रकम समेत बुझाई लिलाम सकार गरेको वन पैदावार तोकिएको अवधिभित्र आफ्नै खर्चमा उठाई लैजानु पर्ने छ ।

८. बोलपत्र सकार गरिएको रकम, संकलन खर्च, मू.अ.कर र प्रदेश सेवा शुल्क निर्धारित समय भित्र दाखिला नगरेमा वा लिलाम सकार गरेको वन पैदावार लैजान ईन्कार गरेमा धरौटी स्वरुप दाखिला गरेको रकम जफत गरि नियमानुसार दोश्रो धेरै रकम सकार गर्ने फर्मको नाममा लिलाम सदर गरिने छ ।

९. अन्य थप जानकारीको लागि समूहको कार्यालय, डिभिजन वन कार्यालय र सवडिभिजन वन कार्यालय, राईनास दुधपोखरीमा सम्पर्क राखी बुझ्न सकिने छ ।

१०. यसमा उल्लिखित कुनै बिषयमा कुरा बाझिएमा वा अष्पष्ट भएमा प्रचलित वन ऐन, नियम तथा प्रचलित कानुन बमोजिम हुने छ ।

..................
लाल बहादुर गुरुङ
अध्यक्ष
सम्पर्क नं. ९८५६०२०८१२

Scanned with CamScanner